# खिजीदेम्वा गाउँपालिका
# खिजीफलाटे, ओखलढुंगा
# कोशी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

भागः२ खण्डः५ संख्याः९ मितिः२०८०/०३/०६

**कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम खिजीदेम्वा गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

**खिजीदेम्वा गाउँपालिकामा कार्यरत कर्मचारीहरुको तह बृद्धि सम्बन्धी कार्यविधि, २०८०**

*गाउँ कार्यपालिकाबाट पारित मितिः २०८०/०३/०६*

**प्रस्तावना :** कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८०" मा गरिएको तहबृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढंगले कार्यन्वयन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी, कोशी प्रदेश लोकसेवा आयोगले मिति २०८०/०२/२१ मा दिएको परामर्शका बुँदाहरु समेत समेटी खिजीदेम्बा गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "स्थानीय सेवा कर्मचारीको तह बृद्धि सम्बन्धी निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा** :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) "**अध्यादेश**" भन्नाले स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० लाई सम्झनु पर्दछ ।

(ख) "**गाउँपालिका**" भन्नाले खिजीदेम्वा गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले खिजीदेम्बा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(घ) **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनु पर्दछ ।

(ङ) **"प्रदेश लोकसेवा आयोग"** भन्नाले कोशी प्रदेश लोकसेवा आयोग लाई सम्झनु पर्दछ ।

(च) **"समायोजन ऐन"** भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(छ) **"स्थायी पद"** भन्नाले निवृत्तिभरण वा योगदानमा आधारित निवृत्तिभरण वा उपदान पाउने र म्याद तोकेको स्थानीय सेवाको पद सम्झनु पर्दछ ।

(ज) **"तह वृद्धि"** भन्नाले कोशी प्रदेश सरकारले स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरेको "स्थानीय स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश २०८०" बमोजिम योग्य कर्मचारीहरुको तहवृद्धि गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(झ) **"समिति"** भन्नाले दफा ५ को उपदफा (१) बमोजिमको तह बृद्धिका लागि गठित समितिलाई सम्झनु पर्दछ ।

(ञ) **"अख्तियारवाल"** भन्नाले स्थानीय सेवामा नियुक्ति, पदस्थापन र अवकाशको निर्णय गर्ने अधिकारीलाई सम्झनु पर्दछ ।

(ट) **"स्थानीय तह"** भन्नाले खिजीदेम्बा गाउँपालिकालाई सम्झनु पर्दछ ।

**३. तहवृद्धि सम्बन्धी व्यवस्था** : (१) स्थानीय सेवामा कार्यरत कर्मचारीको तह बृद्धि गर्दा तह बृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा कम्तीमा पाँच वर्षको सेवा अवधि पूरा भएको र पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्यांकनमा औसत नब्बे प्रतिशत अंक प्राप्त गरेका देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिमको सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र तह बृद्धि गरिनेछ ।

| **क्र.सं.** | **हालको तह** | **तह बृद्धि हुने तह** | **न्यूनतम शैक्षिक योग्यता** | |
|---|---|---|---|---|
| | | | **स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा** | **स्थानीय स्वास्थ्य सेवा** |
| १. | पाँचौं | छैठौं | सेवा समूह सँग सम्बन्धित विषमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ उत्तिर्ण | स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २. | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक उत्तिर्ण | स्वास्थ्य सेवा सम्बन्धी संघीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३. | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित | स्वास्थ्य सेवा सम्बन्धी संघीय |

| | | | | |
|---|---|---|---|---|
| | | | विषयमा कम्तीमा स्नातक तह उत्तिर्ण | कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(२) तह बृद्धि गर्ने अवधिः उपदफा (१) बमोजिम कर्मचारीको तह बृद्धि प्रत्येक आर्थिक वर्षको माघ एक गते र साउन एक गते महिनामा गरी वर्षको दुई पटक गरिने छ।

(३) ज्येष्ठता कायमः उपदफा (२) बमोजिम तहवृद्धि गर्दा अध्यादेशको दफा २८ को उपदफा (२) बमोजिम प्रत्येक आर्थिक वर्षको साउन एक गते र माघ एक गतेबाट ज्येष्ठता कायम हुने गरी तह वृद्धिको निर्णय गुर्नपर्ने छ।

(४) यस दफामा अन्यत्र जूनसुकै कुरा लेखिएको भएतापनि निजामती सेवा बाहेक अन्य सेवाबाट स्थानीय सेवामा समान पदमा समायोजन भइ आएका स्थायी कर्मचारी तथा सङ्घीय लोकसेवा आयोगबाट स्थानीय सेवाको छैठौं तहमा सिफारिस भइ आएका र यो अध्यादेश जारी हुँदाका बखतसम्म तहबृद्धि नभएका कर्मचारीहरुलाई एक पटकको लागि एक तह बृद्धि गरिनेछ।

४. **तह बृद्धि सम्बन्धी विशेष व्यवस्था** : (१) अध्यादेशको दफा ८ को उपदफा (१४) बमोजिम चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीको तह बृद्धि प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति-पत्र दिनेछ।

(२) अध्यादेशको दफा ८ को उपदाफा (१६) बमोजिम निजामती सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई पाँच वर्ष सेवा अवधि पूरा भएका पाँचौ, सातौं र नवौं तहमा कार्यरत

कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रक्रिया पूरा गरी क्रमशः छैठौ, आठौं र दशौं तहमा एक तह वृद्धि गरिनेछ ।

(३) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम अधिकृत स्तर सातौं र नवौं तहका पदहरुमा अध्यादेशको दफा २९ को प्रक्रिया पूरा गरी अध्यादेशमा तोकिए बमोजिमको बढुवा समितिले बढुवा गर्नेछ ।

(४) संघीय लोकसेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय सेवाको छैठौं तहको पदमा सिफारिस भै नियुक्ति भैसकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरी दिनेछ । यसरी सातौं तह कायम गर्नु पुर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरवन्दी स्वीकृत गर्नुपर्ने छ ।

(५) अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिमको तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्तिपत्र दिनेछ ।

(६) कामकाजमा खटिएका कर्मचारीको हकमा कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तरगत दरवन्दी भएका कर्मचारीको दरवन्दी भएको स्थानीय तहमा तह वृद्धि हुनेछ । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरवन्दी/पदाधिकार रहेको कार्यालयमा तहवृद्धि गरिनेछ ।

**५. सिफारिस समितिको गठनः** (१) दफा ३ को उपदफा (१) र दफा ४ बमोजिम तह बृद्धि गर्नका लागि अध्यादेशको दफा २८ को

उपदफा (३) बमोजिम देहायको एक तह बृद्धि सिफारिस समिति गठन गरिने छ ।

(क) प्रमुख प्रशासकीय अधिकृत
संयोजक

(ख) कार्यपालिकाले तोकेको एक महिला सहित दुई जना वरिष्ठ कर्मचारी सदस्य

(२) समितिको बैठक अन्य प्रमुख, शाखालाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले बैठक सम्बन्धी कार्यविधि आफैं तय गर्न सक्नेछ ।

(४) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सूचना प्रकाशन गर्नेः (१) अध्यादेशको दफा २८ बमोजिम सेवा अवधि पूरा गरेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका स्थानीय तहका कर्मचारीबाट देहायका कागजात माग गरी सूचना प्रकाशन गर्ने ।

१. अनुसूची १ बमोजिमको निवेदन

२. सेवा अवधि पुष्टि गर्ने नियुक्ति पत्र

३. नागरिकताको प्रमाण-पत्र

४. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र

५. समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र

(ख) सूचना अवधि भित्र परेका आवेदन तथा कागजातहरुको छानविन गर्ने ।

(ग) यस कार्यविधि भित्र पर्ने आवेदक कर्मचारीहरुको स्तर बृद्धिका लागि अख्तियारवाला समक्ष

सिफारिस गर्ने ।

६. **मूल्यांकन तथा सिफारिसः** (१) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा तोकिए बमोजिको कार्यसम्पादन मूल्याङ्कन फाराम प्रयोग गरी अध्यादेशको दफा ३४ को उपदफा (२) र (३) बमोजिम गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम गर्न एक तह माथिको कर्मचारी उपलब्ध हन नसकेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले सुपीवेक्षक वा पुनरावलोकनकर्ता वा दुवैको हैसियतले मूल्याङ्कन गर्नेछ ।

(३) दफा ५(४) बमोजिम रित पुर्वक प्राप्त भई दर्ता भएका निवेदनको जाँचबुझ गरी दफा-६ को विपरित नहुने गरी तह वृद्धिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित सेवा समूह वा उपसमूह भित्र तह वृद्धि गर्नुपर्ने छ ।

(५) उपदफा (४) बमोजिम तह वृद्धि भएमा त्यस्तो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृद्धि भएका कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साविककै तहमा कायम हुनेछ ।

(६) उपदफा (४) बमोजिम तह वृद्धि गरिएका कर्मचारीको विवरण सम्बन्धित स्थानीय तहको कार्यालयले आफ्नो वेवसाइटमा अनिवार्य राख्नुपर्ने छ ।

७. **तह बृद्धि गर्न नहुने** : यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा (४) को उपदफा (१) बमोजिमको समितिले कर्मचारीलाई तह बृद्धिको लागि सिफारिस गर्न पाइने छैन :-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) नसिहतको सजाय पाएकोमा नसिहत पाएको मितिले एक वर्षसम्म,

(ग) तलव बृद्धि वा बढुवा रोक्का भएकोमा तलव बृद्धि वा बढुवा रोक्का भएको अवधिभर, र

(घ) असाधारण विदामा बसेकोमा सो विदाको अवधिभर ।

८. **चौथो तहका कर्मचारीको तह बृद्धि** : (१) अध्यादेशको दफा ८ को उपदफा (१६) तथा यस कार्यविधि बमोजिम पाँच वर्ष अवधि पूरा भएको चौथो तहको कर्मचारी स्वतः पाँचौं तहमा बृद्धि हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा (७) बमोजिम तह बृद्धि गर्न नपाइने अवस्थामा बाहेक सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले पाँच वर्षको अवधि पुगेका चौथो तहका कर्मचारीलाई निर्णय गरी पाँचौं तहमा तह बृद्धि गर्नुपर्ने छ ।

९. **तह बृद्धि भएका कर्मचारीको सेवा, सुविधा** : (१) दफा (३) को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि तह बृद्धि भएका

कर्मचारीले गाउँ कार्यपालिकाले तह बृद्धिका लागि निर्णय गरेको मितिबाट मात्र माथिल्लो तहको तलब भत्ता प्राप्त गर्नेछन् ।

(२) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश र यस कार्यविधि बमोजिम तह बृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी तलब मिलान गर्नुपर्ने छ ।

(३) तह बृद्धि भएका कर्मचारी सेवा निवृत्त हुँदा उपादान तथा निवृत्तिभरणको लागि प्राप्त गर्ने सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

१०. **बाधा अड्काउ फुकाउन सक्ने** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रदेश लोकसेवा आयोगको परामर्श लिई गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

११.**जानकारी दिनुपर्ने** : (१) यस कार्यविधि बमोजिम गरिएको तहवृद्धिको जानकारी निर्णय भएको मितिले १५ दिनभित्र प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोकसेवा आयोगमा दिनुपर्ने छ ।

१२. **उजुरी/गुनासोः** तह वृद्धि उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र प्रदेश लोकसेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

१३. **प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

..............................

आज्ञाले,

डम्बरबहादुर रजनमगर

(प्रमुख प्रशासकीय अधिकृत)

अनुसूची - १

दफा-४ को उपदफा (१) सँग सम्वन्धित

**बढुवा तथा तहवृद्धि/कायम हुने कर्मचारीले पेश गर्ने निवदेनको ढाँचा**

**मिति :** ..........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

खिजीदेम्बा गाउँकार्यपालिकाको कार्यालय,

खिजीफलाटे, ओखलढुङ्गा ।

**विषयः तह वृद्धि/कायम सम्बन्धमा ।**

प्रस्तुत विषयमा कोशी प्रदेश सरकारबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न मिति २०८०/०१/१४ गते जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ४ को उपदफा (५)/दफा ८ को उपदफा (१६) बमोजिम खिजीदेम्बा गाउँपालिकाबाट जारी गरिएको स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० को दफा ४ को उपदफा (४)/दफा ८ को अनुसार म ............................................. लाई एक तह वृद्धि गरिदिनु हुनका लागि तपशिल बमोजिमका सम्पूर्ण कागजातहरु संलग्न राखी यो निवेदन गरेको छु ।

संलग्न कागजातः

१.

२.

३.

४.

५.

**निवेदक**

कर्मचारीको नाम, थर : ..................................

कर्मचारीको संकेत नं. : ..................................

सेवाः ........................................................

समूहः ........................................................

तहः ..........................................................

अनुसूची - २

दफा-७ को उपदफा (१), (२) र (४) बमोजिम

**तह वृद्धि सम्बन्धी नियुक्तिको ढाँचा**

मितिः .......................

विषयः ................ तहमा तह वृद्धि/कायम गरिएको सम्बन्धमा ।

महाशय,

तपाईलाई कोशी प्रदेश, स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ८को उपदफा (१६) र खिजीदेम्बा गाउँपालिकामा कार्यरत कर्मचारीहरुको तह बृद्धि सम्बन्धी कार्यविधि, २०८० को दफा ४ को उपदफा (४) / दफा ८ बमोजिम यस कार्यालयको मिति ............................ को गतेको निर्णय अनुसार ................ देखी ज्येष्ठता कायम हुने गरी ................ तहमा वृद्धि गरिएको छ ।

........................... तहमा तह वृद्धि हुनु भएको हार्दिक बधाई तथा शुभकामना । तपाईलाई प्राप्त जिम्मेवारी राष्ट्र, जनता र सरकार प्रति कर्तव्य निष्ठ भै प्रचलित ऐन, कानूनको परिधिमा रहेर पारदर्शिता, निष्पक्ष र अनुशासित भै सकरात्मक सोच र ऊर्जाका साथ कार्यसम्पादन गर्नुहुनेछ भन्ने अपेक्षा लिएको छु ।

**तपशिलः**

| साविकको | हाल कायम भएको |
|---|---|
| सेवा : | सेवा : |
| समूहः | समूहः |
| पदः | पदः |
| तहः | तहः |
| कार्यालयः | कार्यालयः |

श्री ...........................................

कर्मचारीको संकेत नं. ...................

...............................

प्रमुख प्रशासकीय अधिकृत.

**बोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिँहदरबार, काठमाडौं ।

श्री लोकसेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, कोशी प्रदेश, विराटनगर ।

श्री प्रदेश लोकसेवा आयोग, कोशी प्रदेश, विराटनगर ।

श्री राष्ट्रिय किताबखाना, हरिहरभवन, ललितपुर ।

श्री प्रदेश किताबखाना, विराटनगर ।

श्री कर्मचारी सञ्चयकोष, ठमेल, काठमाडौं ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं ।

श्री कोष तथा लेखा नियन्त्रण कार्यालय, ओखलढुंगा ।

श्री आर्थिक प्रशासन शाखा, खिजीदेम्बा गाउँपालिकाको कार्यालय, खिजीफलाटे, ओखलढुंगा ।